आज मिति २०८२-०१-२१ गतेका दिन पर्सागढी नगरपालिकामा नगर प्रमुख श्री गोकर्ण पाठक ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहायका ऐजेण्डाहरु माथि छलफल गरि निम्नानुसारका निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोकर्ण पाठक | नगर प्रमुख | |
| २ | श्री पूजा चौधरी | नगर उप प्रमुख | |
| ३ | श्री राज कपुर खवास का.वा. अध्यक्ष केदार दास | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वीरेन्द्र प्रसाद महतो थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुकमान तामाङ्ग | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री शेष खुर्सेद मियाँ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री नितेश मिश्रा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नवल किसोर प्रसाद कलवार | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री शंकर राय भर | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुन्दरी देवी थरुनी | ८ नं. वडा अध्यक्ष | |
| ११ | रामबढाई प्रसाद यादव | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री दिल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १३ | श्री मोहन लाल महतो | कार्यपालिका सदस्य | |
| १४ | श्री असलम आलम | कार्यपालिका सदस्य | |
| १५ | चन्दा देवी थरुनी | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १७ | सिता देवी लामा | कार्यपालिका सदस्य | |
| १८ | सुनिता कुमारी देवी | कार्यपालिका सदस्य | |
| १९ | सविता गिरी | कार्यपालिका सदस्य | |
| २० | श्री हरिकिशोर प्रसाद चन्द्रवंशी | सदस्य सचिव | |

CamScanner

मिति २०८२।०१।२१ गते आइतबारका दिन बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु:-

| सि.नं. | ऐजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | बैरी पोखरीको ठेक्का रद्द, पुन: ठेक्का गर्ने तथा धरौटी जफत सम्बन्धमा | पर्सागढी नगरपालिका वडा नं ०२ स्थित बैरी पोखरी मिति २०७७/११/०३ गतेमा ठेक्कासम्झौता भई ठेकेदार श्री प्रकृति एकिकृत कृषि तथा पशुपन्छी फर्म विरगंज-२० पर्साले माछा पालन गर्दै आएकोमा यस पालिकालाई आ.व. मिति २०७९-०८० देखि आ.व. २०८१-०८२ चौथो किस्तासम्म बुझाउनु पर्ने रकम १९४७०००। र पाँचौ किस्ता वापतको रकम रु १३७४०००। समेत गरी जम्मा रु ३३२१०००।— सम्झौता बमोजिमको राजश्व रकम नबुझाएको र बुझाउन बाँकी रकम दाखिला गर्न पत्राचार गर्दा समेत हालसम्म दाखिला नभएको हुँदा ठेकेदार पक्षको उक्त ठेक्का रद्द गरि धरौटी जफत गरी हाल पोखरिदमा भएको माछा लिलाम विक्रिबाट राजश्व असुल गर्नुपर्ने भएकोले सम्झौता बमोजिम पोखरीको माछा लिलाम गर्ने साथै उक्त प्रक्रियाबाट समेत बाँकी रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्ने र कालोसूचिमा राख्ने प्रकृया अघि बढाउने निर्णय गरियो । |
| २ | मनवा बजार देखि भटनी सम्म जाने कालोपत्रे बाटो निर्माणको जिमेमेवारी पाएको ठेकेदार ले सम्झौता बमोजिमको कार्य नगरेको हुँदा राष्ट्रिय पत्रिकामा सूचना निकाली कारवाहि प्रकृया अघि बढाउने सम्बन्धमा | पर्सागढी नगरपालिका वडा नं १ जनता सडक मनवा बजार देखि भटनी सम्मको कालोपत्रे बाटो निर्माणको लागि ठेक्का सम्झौता भएको ठेकेदार श्री राजेश्वर कन्ट्रक्सन ठेक्का नम्बर 10/PGMUN/PAR/W/ROAD/2079/080 ले तोकिएको अवधि भित्र कार्यसम्पादन नगरि ढिला सुस्ती भएको र पटक पटक पत्राचार गर्दा समेत सुनुवाई नगरेको हुदाँ उक्त सम्बन्धमा राष्ट्रिय पत्रिकामा सूचना दिई निर्माण कम्पनीलाई सुचित गराउने र त्यस अवधि भित्रमा समेत सम्पर्कमा नआएमा ठेक्का रद्द गर्ने धरौटी जफत गर्ने तथा कालो सुचिमा राख्न लखि पठाउने निर्णय गरियो । |
| ३ | कार्यविधि स्विकृती सम्बन्धमा | पर्सागढी नगरपालिकाको स्थानिय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तरबृद्धि सम्बन्धि कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो । |
| ४ | अगामी आर्थिक वर्ष २०८२-०८३ को निति तथा कायक्रम सम्बन्धमा | वर्ष २०८२-०८३ को निति तथा कार्यक्रम निर्माण गर्दा आर्थिक वर्ष २०८१-०८२ को निति तथा कार्यक्रम अनुसार निरन्त रहेका र पुरा हुन बाँकी विषयहरुलाई समावेश गरि निति तथा कार्यक्रम निर्माण गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| ५ | विपदको पूर्व तयारीको लागि ग्रेभल माटो तथा अन्य विपदजन्य घटनाको पूर्व तयारी गर्ने सम्बन्धमा | वर्षायाममा वेर्षाको कारण आउने विपद पूर्व तयारीको लागि आवश्यक पर्ने ग्रेभल माटो ढुङ्गा लगायत आवश्यक सामाग्री जम्मा गर्न जिल्ला विपद व्यवस्थापन समिति मार्फत निर्णय हुन अनुरोध गर्ने निर्णय गरियो । |
| ६ | शिक्षक व्यवस्थापन काज, सरुवा र अंग्रेजी माध्यमबाट अध्यापन सम्बन्धमा | पर्सागढी नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक व्यवस्थापन काज सरुवा तथा इच्छुक र मापदण्ड अनुसारका विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्यापन (प्राथमिक तहमा) गराउने निर्णय गरियो । |
| ७ | अनुदान सहयोग सम्बन्धमा | यस पर्सागढी नगरपालिका अन्तर्गत राधास्वामी सतसंग व्यास नेपाल पर्सागढी नगरपालिका वडा नं ०३ रामटोललाई रु ७००००। अक्षरेपी रु सतरी हजार मात्र सतसंग स्थाल व्यवस्थापनको लागी यस पालिकाबाट अनुदान स्वरुप सहयोग दिने निर्णय गरियो । |
| ८ | योजना प्रस्ताव माग सम्बन्धमा | यस पर्सागढी नगरपालिकाको लागि आर्थिक वर्ष २०८२-०८३ को लागि तराई मधेश समृद्धि कार्यक्रममा योजना संसोधित भई आएमा पर्सागढी नगरपालिका अन्तर्गत वडा नं. ०१ देखि ०९ सम्मका सुख्खा ग्रस्त क्षेत्रमा सोलार बोरिङ्ग जडानको लागि योजना माग गर्ने तथा लागत साझेदारी वापत १० प्रतिशत यस पालिकाबाट व्यहोर्ने निर्णय गरियो । |
| ९ | प्रदेश विषेश योजना सम्बन्धमा | यस पर्सागढी न.पा.को लागी चालु आर्थिक वर्ष ०८१-०८२ को लागी विशेष योजना अन्तर्गत वडा नम्बर ०३ को आधारभुत स्वास्थ्य चौकीको माथिल्लो तल्ला थप गर्नको लागि योजना प्रस्ताव माग गर्ने भनि निर्णय गरियो । |
| १० | कृषि पोल जडान सम्बन्धित सार्वजनिक सूचना गर्ने | सुख्खा ग्रस्त क्षेत्रमा सिंचाई प्रवर्धन गर्ने नेपाल विद्युत प्राधिकरण संग सहकार्य गरी कृषि पोल जडान तथा विद्युत विस्तार गर्ने र सो को लागि कृषकहरुबाट प्रस्ताव माग गर्न सार्वजनिक सूचना गर्ने निर्णय गरायो । |
| ११ | राष्ट्रिय परिचय पत्र स्टेसन माग गर्ने सम्बन्धमा | पर्सागढी नगरपालिकाको नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन स्थायी रुपमा स्६सन स्थापना गरिदिनु हुन जिल्ला प्रशासन कार्यालय पर्सालाई अनुरोध गर्ने निर्णय गरियो । |
| १२ | स्वास्थ्य संस्थाहरुमा EHMIS SOFTWARE जडान सम्बन्धमा | पर्सागढी नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा पर्सागढी नगरपालिकाबाट EHMIS SOFTWARE जडान गर्ने निर्णय गरियो । |

CamScanner

| | | |
|---|---|---|
| १३ | जन्मदर्त रद्द गर्न सिफारिस गर्ने सम्बन्धमा | पर्सागढी नगरपालिका वडा नं ०८ बस्ने सुमित चौधरीको जन्मदर्ता प्रमाणपत्रमा बुवाको नाम बैजनाथ दास थारु र आमाको नाम जानकी देवी थरुनी कायम भई मिति २०७६/११/०४ मा जन्मदर्ता प्रमाणपत्र जारी भएको,<br>सुमित चौधरीको बुवा बैजनाथ दास थारु को मिति २०५८ सालमा मृत्यु भएको,<br>ततपश्चात निज जानकी देवी थारुनी देवर सुजित दास थारु संग समाजिक परम्परा अनुसार विवाह गरेको,<br>सुमित चौधरीको जन्मदर्ता बनाउन जाँदा सुचक हजुरबुवा श्री विश्वमोहन दास थारुले भुलवश मिति २०५८ मा मृत्यु भइसकेको ठुला बुवा बैजनाथ दास थारुको नाम पिताको महलमा उल्लेख गरि जन्मदर्ता प्रमाणपत्र जारी भएकोले निज सुमित चौधरीको बुवा सुजित दास थारु नभई बैजनाथ दास थारु भएकोले उक्त जन्मदर्ता प्रमाणपत्र रद्द गरी बुवाको नाम सुजित दास थारु कायम भई जन्मदर्ता प्रमाणपत्र पाँउ भनी वडा कार्यालयको मुचुल्का सिफारिस सहित प्रर्माण कागजातहरु पेश भएकोले सुमित चौधरीको जन्मदर्ता रद्द गरिदिनु हुन जिल्ला प्रशासन कार्यालय पर्सामा सिफारिस गरी पठाउने निर्णय गरियो । |
| १४ | बारुण यन्त्र संचालन सम्बन्धमा | यस नगरपालिपकामा संचालनमा रहेको बारुण यन्त्रलाई थप व्यवस्थित तवरले संचालन गर्न इच्छुक संघ संस्था तथा सुरक्षा निकायबाट आसयपत्र माग गरि संचालन गर्ने गराउने निर्णय गरियो । |
| १५ | सामाजिक सुरक्षा कोष स्थापना सम्बन्धमा | पर्सागढी नगरपालिका भित्र कार्यरत करार कर्मचारीहरुको लागि सेवामा आधारित सामाजिक सुरक्षा कोष स्थापना गर्न आवश्यक पहल कदमी गर्ने निर्णय गरियो । |
| १६ | विमा सम्बन्धमा | यस पर्सागढी नगरपालिका भित्र कार्यरत सुवारी चालक तथा बारुणयन्त्र संग सम्बन्धित कर्मचारीहरुलाई २० वर्षको लागि रु १० लाख सम्मको जिवन बिमा तथा दुर्घटना विमा गर्ने निर्णय गरियो । सो को लागि लाग्ने प्रिमियम नगरपालिकाबाट व्यवस्थापन गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| १७ | अख्तियारनामा सम्बन्धमा | पर्सागढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, पर्सा तथा ऐ. पर्सागढी नगर प्रमुख, पदाधिकारी एवं वडा कार्यालयसमेत लाई विपक्षी बनाई दायर भएका वा दायर हुन आउने मुद्दा मामिलाहरुमा नियमानुसार प्रतिवाद/लिखित जवाफ दिई मुद्दा पर्पक्ष गर्ने अख्तियारी यस पर्सागढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय पर्साका इन्जिनियर श्री धिरेन्द्र प्रसाद यादवलाई दिने निर्णय गरियो। |

CamScanner